# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।१२।०४ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

नापी कार्यालय, बाँकेमा कार्यरत सर्भेक्षक यामबहादुर खत्री र आफूलाई लेखापढी कार्य गर्ने बताउने प्रताप के.सी.ले हालसाविक भिडाउने काम बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिई गएको टोलीले निजहरु यामबहादुर खत्री र प्रताप के.सी. लाई सेवाग्राहीबाट रु.३५,०००/- (पैतीस हजार) घुस/रिसवत लिएको अवस्थामा नियन्त्रणमा लिईएको थियो।

अनुसन्धानको सिलसिलामा नापी कार्यालय, बाँकेका सर्भेक्षक यामबहादुर खत्रीले सेवाग्रहीको जग्गा हालसाविक गरिदिएबापत लेखापढी व्यवसायी प्रताप के.सी. एवं निजकी श्रीमती शारदा कुमारी के.सी.को प्रत्यक्ष संलग्नतामा घुस/रिसवत लिएको प्रमाणित हुन आएको हुँदा निज सर्भेक्षक यामबहादुर खत्रीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा निज यामबहादुर खत्रीलाई बिगो रु. ३५,०००/- (पैतीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदाबी लिइएको छ।

त्यस्तै लेखापढी व्यवसायी प्रताप के.सी. एवं निजकी श्रीमती शारदा कुमारी के.सी.ले राष्ट्रसेवक कर्मचारी यामबहादुर खत्रीलाई घुस/रिसवत दिन/दिलाउन सहयोग गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरको मतियार हुने कसुर गरेको प्रमाणित हुन आएको हुँदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम बिगो रु. ३५,०००/- (पैतीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला